द.नं. २९०, श्रम विभाग काठमाडौं
स्थायी लेखा नं. ३०२४८४२९६ (आयकर छुट प्रमाण-पत्र प्राप्त)

नेपाल अडिटर्स एशोसिएसन (अडान)

Auditors' Association of Nepal

Office of the Central Committee, New Baneshwor, Kathmandu, Nepal

Auditors' Association of Nepal
audan
Regd. No.:139/2063
Office of the Central Committee, Kathmandu

**प्रेस विज्ञप्ती**

**अडानको छैठौं राष्ट्रिय महाधिवेशन २०७९ जेष्ठ २० र २१ गते काठमाडौंमा हुने**

**२०७८ फाल्गुण २० गते, काठमाडौ ।**

नेपाल अडिटर्स एशोसिएसन (अडान) को पाचौं राष्ट्रिय महाधिबेसन पछिको सातौं पूर्ण बैठक अध्यक्ष मोहनराज रेग्मीको अध्यक्षतामा सम्पन्न भएको छ ।

बैठकमा देशभरबाट प्रतिनिधित्व गर्ने केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्य लगायत सल्लाहकार एवं विभिन्न समितिका संयोजक एवं सदस्यहरुको उपस्थिति थियो ।

बैठकमा महासचिब झलकमणि लम्सालले प्रस्तुत गर्नु भएको सांगठनिक प्रतिबेदन र कोषाध्यक्ष बलराम चौधरीले प्रस्तुत गर्नु भएको आर्थिक प्रतिबेदन पारीत गर्दै छैठौं राष्ट्रिय महाधिवेशनको मिति पनि तय गरेको छ ।

उक्त बैठकले २०७९ बैशाख १५ गते सम्म जिल्ला अधिवेशन, २०७९ जेष्ठ १० गते सम्म प्रदेश अधिवेशन सम्पन्न गरी २०७९ जेष्ठ २० र २१ गते काठमाडौंमा छैठौं राष्ट्रिय महाधिवेशन सम्पन्न गर्ने पनि निर्णय गरेको छ ।

सो बैठकले लेखापरीक्षकहरुमाथि भएगरेका विभेदहरुको अन्त्य गर्न, देशको अर्थतन्त्रमा देखिएका समस्याहरुको समाधान, बढ्दो मुल्य बृद्धि कम गर्न तीनवटै सरकारबाट जनसरोकारका बिषयमा ध्यानाकर्षण गर्दै तपशिल उल्लेख भएका १७ बुँदे बिशेष प्रस्ताबहरु पारीत गरेको छ ।

# बिशेष प्रस्तावहरु

१. देशमा हाल देखा परेको तरलता अभाव बढ्दै गइरहेको बजेट घाटा, कोभिडबाट प्रभावित आर्थिक अवस्था, न्यायलयमा देखा परेका

समस्याहरुलाई सुझबुझपुर्ण समन्वयबाट समाधान गर्न नेपाल सरकार समक्ष यो बैठक जोडदार माग गर्दछ ।

२. संसारकै महाशक्ति राष्ट्र मध्येको एक राष्ट्र रसियाले छिमेकि राष्ट्र युक्रेनमा गरेको हमलाले विश्वको पछिल्लो राजनीतिलाई तरङ्गीत तुल्याएको छ । दुवै देशका बिचमा भएको युद्धले बिश्वको अर्थब्यवस्थामा हलचल ल्याएको छ । रसिया र युक्रेन बीचको तनावसंगै कच्चा तेलमा अस्वभाविक मूल्य बृद्धि हुनाका साथै सुन चाँदी लगायतका बस्तुहरु महङ्गीएका छन् भने बिश्व शेयर बजारलाई नराम्रोसँग असर गरिरहेको छ । युद्ध अन्त्य र शान्तिका लागि यो बैठक हार्दिक अपिल गर्दछ ।

३. वि सं २०५३ सालमा नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन जारी हूंदाका बखत नै रजिष्टर्ड अडिटरहरुका सम्बन्धमा विभेदकारी प्रावधानहरु कायम भएकोले अडानले आफ्नो स्थापनाकाल देखिनै यसमा सुधार गर्नुपर्ने माग जोडदार रुपमा उठाउंदै आएको कुरा सवैमा विदितै छ । यसर्थ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ को संसोधन गरी परिवर्तित परिस्थतिमा नयाँ ऐन जारी गर्न नेपाल सरकारसंग यो बैठक जोडदार माग गर्दछ ।

४. सत्तरी बर्षदेखिको नेपालीको गणतन्त्र मार्फत राष्ट्रिय पूँजीको निर्माण गर्दै समाजवादउन्मुख अर्थतन्त्र विकास गर्ने परिकल्पना साकार पार्ने काममा सवै राजनीतिक पार्टी, सामाजिक अभियन्ता र विद्वतबर्ग आपसि मनोमालिन्य र संकिर्णताबाट माथि उठि देश विकासमा लाग्नु पर्ने अवस्था छ । लोकतान्त्रिक गणतन्त्रलाई मजबुत पार्दै जनताको लामो संघर्ष र बलिदानिबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न बिशुद्ध राजनीति भन्दा माथि उठि राज्यका तीन वटै तहका सरकारहरु लागि पर्दै जनसरोकारका बिषयहरुमा केन्द्रीत रहन यो बैठक जोडदार माग गर्दछ ।

५. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट बिभिन्न लेखामान तथा लेखापरीक्षणमानहरू जारी भैसकेका छन् । उद्योगी, ब्यापारी तथा संघसंस्थाहरूले लेखामान अनुसार वित्तीय विवरण तयार गर्नु पर्दछ । लेखापरीक्षणमानका आधारमा लेखापरीक्षकले लेखापरीक्षण गर्नु पर्दछ तर

कतिपय उद्योगी ब्यापारीहरूले लेखामान अनुसार वित्तीय विवरण तयार नगरेको सन्दर्भमा सम्बन्धित निकायहरुसंग समन्वय गरी सो कार्यान्वयन गर्ने वाताबरण बनाउन नेपाल सरकार, नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था, नियमनकारी निकायहरु समक्ष यो बैठक जोडदार माग गर्दछ ।

६. बित्तीय विवरण उपर राय प्रस्तुत गर्ने लेखापरीक्षकहरुलाई आयकर ऐन २०५८ (संसोधन सहित) को दफा १२७ ले मतियार भनी गरेको ब्यवस्थालाई तत्काल हटाउन यो बैठक जोडदार रुपमा माग गर्दछ ।

७. राज्यका बिभिन्न निकायहरुले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ विपरीत कतिपय ऐन कानून, नियमावली र निर्देशिकाहरुमा **सम्बन्धित निकायको लेखापरीक्षण चार्टर्ड एकाउन्टेन्ट बाट गरिनेछ** भन्ने लेखिएको पाइएको छ । उक्त विभेदकारी ब्यवस्थालाई तत्काल सच्च्याई **नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट मान्यता प्राप्त लेखापरीक्षकबाट सम्बन्धित निकायको लेखापरीक्षण गरिनेछ** भन्ने शब्दको प्रयोग गर्न सम्बद्ध पक्षहरुसँग यो बैठक जोडदार माग गर्दछ ।

८. यस एशोसिएसन र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था वीच विगत लामो समय देखि पटक पटक भएका सम्झौताहरु र एशोसिएसनले ध्यानाकर्षण गराएको बिषयहरुमा सिघ्र कार्यान्वयनका लागि यो बैठक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था समक्ष जोडदार माग गर्दछ ।

९. नेपाल चार्टर्ड एकाउन्टेन्स ऐन २०५३ मा भएका बिद्यमान सबै विभेदको अन्त्य गरी समान हक कायम हुने ब्यवस्था गर्न तथा संघियताको मर्म र भावना अनुसार राज्यमा सबै निकाय प्रादेशिक संरचनामा गैसकेको अवस्थामा आईक्यानको प्रादेशिक परिषदको तत्काल ब्यवस्था गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासँग यो बैठक जोडदार माग गर्दछ ।

१०.सहकारी ऐन, २०७४ ले कुनै एक सहकारीमा सञ्चालक सदस्य रहेको लेखापरीक्षकले देशभरका अन्य कुनै पनि सहकारीहरुमा समेत लेखापरीक्षण गर्न नपाउने भनी गरेको व्यबस्थाले स्वतन्त्र रुपमा पेशा व्यवसाय गर्न पाउने संबैधानिक र नैसर्गिक अधिकार समेत कुण्ठित भएको हुंदा र अन्य कुनै पेशामा यस्तो प्रकारको ब्यवस्था नरहेकोले सो बन्देज तत्काल खारेज गर्न यो बैठक जोडदार माग गर्दछ ।

११. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका हाल बिद्यमान ७२९८ रजिष्टर्ड अडिटर्स सदस्यहरुको काउन्सिलमा समानुपातिक प्रतिनिधित्व हुने गरी ब्यवस्था गर्न तथा आइक्यानका जो कोही योग्य सदस्यले संस्थाको अध्यक्ष वा उपाध्यक्षको रुपमा चुनिन सक्ने ब्यवस्था गर्दै रजिष्टर्ड अडिटर्सहरुलाई नेतृत्वमा पुग्न नदिने गरी लगाईएको बन्देज हटाउन नेपाल सरकार र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था समक्ष यो बैठक जोडदार माग गर्दछ ।

१२. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ऐन २०५३ को दफा ११ (द) मा भएको ब्यवस्थालाई प्रभावकारी कार्यान्वयनको लागी रजिष्टर्ड अडिटरहरुको व्यवसायिक दक्षता थप अभिबृद्धि गर्न आवश्यक गोष्ठी, सेमिनार सञ्चालन गर्न, ब्यवहारीक तालिम र शैक्षिक कार्यक्रमहरु योजनावद्ध र निरन्तररुपमा संचालन गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था समक्ष यो बैठक जोडदार माग गर्दछ ।

१३. लेखापरीक्षण गर्नकै लागी कतिपय संस्थाहरुमा सूचीकृत गर्नुपर्ने प्रावधान हालसम्म पनि कायमै रहेको पाईकाले सोको स्थायी समाधान गर्न तथा स्थानिय, प्रादेशिक र संघीय सरकारबाट जारी हुने र भैसकेका सवै ऐन, कानून, नियमावली र निर्देशिकाबाट त्यस्तो प्रावधान हटाई स्थायी रुपमा सो को समाधान गर्न यो बैठक जोडदार माग गर्दछ ।

१४. लेखाव्यावसायमा आएका नविनम् प्रविधिले लेखापरीक्षणको कार्यमा चुनौतीको साथसाथै अवसर पनि सृजना गरेको छ । लेखापरीक्षणमानहरुमा भएका प्रावधानहरुको परिपालना गरि लेखापरीक्षण कार्यलाई अझ मर्यादित र ब्यवस्थीत गर्न सम्पूर्ण सदस्यहरुलाई यो बैठक जोडदार अपिल गर्दछ ।

१५.लेखापरीक्षणसंग सम्बन्धीत कार्यहरु अनधिकृत रुपमा भईरहेको कार्यलाई रोक्न तथा कार्वाही गर्न नेपाल सरकारका सम्बन्धीत निकायहरु समक्ष यो बैठक जोडदार मांग गर्दछ ।

१६. हाम्रो संस्था अडानको आगामी २०७९ साल जेष्ठ २० र २१ गते काठमार्डौमा हुन गईरहेको छैटौं महाधिवेशनलाई भब्यरुपमा सफल पार्न २०७९ बैशाख १५ सम्म जिल्ला अधिवेशन, २०७९ जेष्ठ १० गते सम्म प्रदेश अधिवेशन सम्पन्न गर्न सबै जिल्ला, प्रदेश समिति तथा सदस्यहरुज्यूहरुमा यो बैठक हार्दिक अपिल गर्दछ ।

१७. अन्तमा, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको नवौं परिषदमा रजिष्टर्ड अडिटर्सको तर्फबाट प्रतिनिधित्व गर्ने अडानका चारै जना उम्मेदवारहरुलाई बिजयी गराउन सहयोग गर्ने सबै सदस्यज्यूहरु तथा शुभचिन्तकज्यूहरुमा यो बैठक कृतज्ञता सहित हार्दिक आभार ब्यक्त गर्दछ । धन्यवाद !

(डोल प्रसाद दाहाल)
उपाध्यक्ष एवं संयोजक
प्रचार प्रसार विभाग

Tel/Fax: 01-4487883, E-mail: audan.nepal@gmail.com / info@audan.org.np
website: www.audan.org.np / www.audan.com.org